म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १८१ सोमबार, २८ माघ २०८१ ने. सं. ११४५ सिल्लाथ्व 10 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## शोणितपुरले जित्यो तेक्वान्दो प्रतियोगिताको उपाधि

हेटौंडा, २७ माघ/हेटौंडामा सम्पन्न दोस्रो राष्ट्रिय खुला तेक्वान्दो प्रतियोगिताको उपाधि शोणितपुर डोजाङ काठमाडौंले हात पारेको छ । प्रतियोगितामा ७ स्वर्ण, ६ रजत र ६ कास्य पदकसहित शोणितपुर तेक्वान्दो डोजाङले उपाधि जितेको हो । प्रतियोगितामा आयोजक क्रियटिभ तेक्वान्दो एकेडेमी मकवानपुर ७ स्वर्ण, ३ रजत र ८ कास्यसहित दोस्रो भएको छ । चितवनले ५ स्वर्ण, ५ रजत र ८ कास्य पदकसहित तेस्रो स्थानमा हासिल गरेको छ । प्रतियोगिताका विजेता टोलीले क्रमश: २० हजार, १५ हजार र १० हजार नगदसहित ट्रफी प्राप्त गरेका छन् । विजेताहरुलाई हेटौंडा उपमहानगरपालिका-१७ का अध्यक्ष उद्धव सत्यालले पदक तथा प्रमाणपत्र हस्तान्तरण गरेका थिए । शुक्रबारदेखि हेटौंडा-१७, हटियामा सुरु भएको दोस्रो राष्ट्रिय खुला तेक्वान्दो प्रतियोगितामा कूल ४० विधामा १८ टोलीका ३४० खेलाडीले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिता सम्पन्न गर्न करिब १३ लाख रुपैयाँ खर्च भएको प्रतियोगिता संयोजक भोजराज पराजुलीले जानकारी दिए ।

## कांग्रेसको नगरस्तरीय प्रशिक्षण: पार्टी र कार्यकर्ता विचारबट चल्नुपर्ने डीनाको जोड

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ नेपाली कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले पार्टी र कार्यकर्ता राजनीतिक विचारबाट चल्नुपर्नेमा जोड दिएकी छन् ।

नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिका समितिले हेटौंडा-१६ स्थित चिसापानीमा आइतबार आयोजना गरेको एक दिने नगरस्तरीय कार्यकर्ता प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै सहमहामन्त्री डीनाले देशको समृद्धि कांग्रेसको विचार र स्पष्ट विकास नीतिले मात्र सम्भव भएको बताइन् । उनले पार्टीलाई चलायमान र गतिशील बनाउन पार्टीका पदाधिकारीहरु उत्तरदायी र जिम्मेवार बन्नुपर्ने बताइन् । जसका लागि पार्टी र कार्यकर्तालाई नागरिकको विकास र जनजीवकासँग जोड्दै अगाडि बढ्नुपर्ने उनले बताएकी छन् ।

आफू माथि भएको अन्यायका विरुद्धमा सार्वजनिक रुपमा भन्दा पार्टीको आन्तरिक फोरममा आवाज उठाउनु पर्ने भन्दै सहमहामन्त्री डीनाने भनिन, 'कुनै नेता र व्यक्तिलाई भन्दा पनि कांग्रेस पार्टीलाई बलियो र सशक्त बनाउनेतर्फ हामी लाग्नु पर्छ ।' उनले पार्टीको विधानभन्दा बाहिर गएर पार्टी चलाउनु भनेको स्वार्थले चलाउनु रहेको जिकिर गरिन् । लोकतन्त्र र देशको विकासको लागि स्थापना भएको कांग्रेसको विचार कहिल्यै नमर्ने उनको भनाई छ ।




कांग्रेस केन्द्रीय सदस्य एवं प्रचार विभाग प्रमुख मीन विश्वकर्माले समसामयिक राजनीतिक अवस्थाका बारेमा कार्यकर्तालाई प्रशिक्षण दिँदै पार्टीका कार्यकर्ता र नेताले आफूलाई भन्दा पार्टीलाई केन्द्रमा राखेर संगठन निर्माण गर्नुपर्ने बताए । पार्टीको संगठन, कार्यकर्ता र नेताको आचरण, विचार र सिद्धान्तलगायतका बारेमा प्रशिक्षण दिएका विश्वकर्माले कार्यकर्तालाई निराशा छाडेर कांग्रेसको नेतृत्वमा समृद्धि सम्भव छ भन्ने भावनाका साथ काम गर्न आग्रह गरे ।

कांग्रेस हेटौंडा उपमहानगर समितिका उपसभापति एवं प्रशिक्षण विभाग प्रमुख रामकृष्ण कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुरका उपसभापति आनन्द कठायत, कांग्रेस नेता आनन्दराम पराजुली, प्रतिनिधिसभा क्षेत्र नम्बर १ का संघीय सभापति दामोदर खनाल र कांग्रेस हेटौंडा उपमहानगर समितिका सभापति उत्सव इटेनीले कांग्रेस कार्यकर्ताले पार्टी संगठनमा निर्वाह गर्नुपर्ने भूमिका बारेमा आफ्नो धारणा राखेका थिए ।

पार्टी प्रशिक्षण कार्यक्रममा कांग्रेसको हेटौंडा उपमहानगर समितिका पदाधिकारी तथा सदस्य, १९ वटै वडाका पार्टी वडा सभापति तथा पदाधिकारी, भातृ तथा शुभेच्छुक संस्थाका पदाधिकारी तथा सदस्य, क्रियाशील सदस्यलगायतको सहभागिता रहेको थियो ।

## मकवानपुर र चितवनमा विपन्नलाई दुई हजार घर



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मकवानपुर र चितवनमा जनता आवास कार्यक्रमबाट अति विपन्न तथा लोपोन्मुख र सीमान्तकृत समुदायका अति गरिब परिवारलाई २ हजार वटा घर निर्माण भएका छन् ।

कार्यक्रम कार्यान्वयन भएको १४ वर्षको अवधिमा दुई जिल्लामा गरेर २ हजार ७ वटा घर बनेको हो । संघीय सरकारले मकवानपुरमा आर्थिक वर्ष ०६७/०६८ देखि आर्थिक वर्ष ०७४/०७५ सम्म चेपाङ समुदायका अति विपन्न ७सय १ सय चेपाङलाई घर बनाएर हस्तान्तरण गरिसकेको शहरी विकास तथा भवन कार्यालय हेटौंडाका प्रमुख सुवोध अधिकारीले जानकारी दिए । शहरी विकास तथा भवन कार्यालय हेटौंडाले चितवन र मकवानपुरमा जनता आर्थिक वर्षास कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

संघीय सरकारले आर्थिक वर्ष २०६७/०६८ देखि मकवानपुरमा जनता आर्थिक वर्षास कार्यक्रम सञ्चालन गरेको थियो । आर्थिक रुपले अति विपन्न तथा लोपोन्मुख र सीमान्तकृत समुदायका अति गरिबहरुलाई निजी घरको व्यवस्था गर्न विगत १४ वर्षदेखि जनता आर्थिक वर्षास कार्यक्रममा मकवानपुरमा सञ्चालित छ । चितवनमा भने ६ वर्षदेखि उक्त कार्यक्रम सञ्चालन भइरहेको छ ।

आर्थिक वर्ष २०७५/०७६ देखि संघीय सरकारले कार्यक्रम प्रदेश सरकारलाई हस्तान्तरण गर्‍यो । आर्थिक वर्ष ०७५/०७६ देखि प्रदेश सरकारले चितवन र मकवानपुरमा जनता आर्थिक वर्षास कार्यक्रम सञ्चालन गरेको छ । यी दुई जिल्लामा एक हजार ३ सय ६ वटा घर निर्माण गरेर हस्तान्तरण गरि सकेको उनले बताए । प्रदेश सरकारलाई संघीय सरकारले उक्त कार्यक्रम हस्तान्तरण गरेपछि आर्थिक वर्ष २०७५/०७६ देखि चितवनमा पनि जनता आवास कार्यक्रम सञ्चालन गरिएको हो ।

जनता आवास कार्यक्रमबाट चेपाङ, वनकरिया, वोटे, पहरी, माझी र दलित समुदायका अतिविपन्न र लोपोन्मुख एवं सीमान्तकृत समुदायका व्यक्तिहरुलाई कार्यविधि अनुसार छनोट गरेर घर बनाएर हस्तान्तरण गर्दै आएको छ । प्रदेश सरकार मातहत रहेको शहरी विकास तथा भवन कार्यालयले लाभग्राहीको छनोट गर्नुका साथै भवन निर्माणको कामहरु गर्दै आएको हो ।

कार्यक्रमबाट सबैभन्दा धेरै चेपाङ समुदायका लाभग्राहीलाई घर बनाएर हस्तान्तरण गरिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका निम्ति जनता आवास कार्यक्रमका लागि १४ करोड रुपैयाँ विनियोजन गरेको छ ।

उक्त रकमले शहरी विकास तथा भवन कार्यालयले एकीकृत वस्तीको अवधारणा अनुसार भवन निर्माण सुरु गरेको छ । एकीकृत बस्ती आर्थिक वर्षास कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा चितवनमा २ सय २७ वटा र मकवानपुरमा २ सय ९५ वटा भवन निर्माण हुँदैछन् ।

चितवनमा १ सय २७ वटा भवन निर्माण भइसकेका छन् भने मकवानपुरमा १ सय १६ वटा भवन निर्माण भइसकेको कार्यालय प्रमुख अधिकारीले बताए । मकवानपुरको राक्सिराङ गाउँपालिका-४ मा निर्माण गरिएको एकीकृत बस्तीका भवन छिट्टै हस्तान्तरण गरिने प्रमुख अधिकारीले बताए ।

## प्रदेश सरकारले किसान लक्षित ऋृणमा ब्याज अनुदान कार्यक्रम ल्याउने




साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसानलाई लक्षित गर्दै ऋणमा ब्याज अनुदान कार्यक्रम ल्याउने तयारी गरेको छ ।

राष्ट्रिय किसान आयोगले हेटौंडामा आइतबार आयोजना गरेको 'किसान हक, हित र सामाजिक सुरक्षा' विषयक बहस कार्यक्रममा ऋणमा ब्याज अनुदान ल्याउन लागिएको जानकारी गराइएको छ । बहस कार्यक्रममा किसानहरुले सरकारले दिने भनिएको अनुदान वास्तविक किसानले अझै नपाएको गुनासो गरेका थिए । किसानहरुलाई परिचयपत्रको व्यवस्था पनि छिटो गर्न उनीहरुले आग्रह गरेका थिए ।

किसानहरुको गुनासो र सरकारसँगको अपेक्षा सुनेपछि प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले किसानहरुलाई कृषि कर्ममा हौसला वृद्धिका लागि आगामी आर्थिक वर्ष २०८२/८३ को कार्यक्रममा १४ अर्बको ऋणमा ब्याज अनुदान कार्यक्रम ल्याउन लागिएको जानकारी गराएका छन् । उक्त अनुदान उत्पादनमा आधारित भएर कृषकलाई दिइने उनको योजना छ ।

यस कार्यक्रमबाट प्रत्येक निर्वाचन क्षेत्रमा आवश्यकता र प्राथमिकताको आधारमा कृषकहरुलाई ५० करोड भन्दा माथि ऋणमा ब्याज अनुदान दिने सकिने मन्त्री श्रेष्ठले योजना सुनाए । श्रेष्ठले प्रदेश सरकारले सम्भाव्यता अध्ययनको आधारमा चितवन, मकवानपुर, काभ्रे, काठमाडौं र सिन्धुलीमा स्मार्ट फार्म हाउस निर्माणको तयारी पनि गरिरहेको समेत बताए । उनले तीन वटै तहको सरकारले कृषि क्षेत्रलाई आफ्नो प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

जमिनलाई बाँझो हुन नदिई किसानलाई कृषि कर्ममा प्रेरित गर्न मन्त्रालय लागि पर्ने उनको दाबी थियो । किसानको आँखामा सरकारले आँशु देख्न नचाहेको समेत उनले स्पष्ट पारे । यद्यपि सरकारले दिएको अनुदानलाई जिम्मेवारी पूर्ण ढंगले सदुपयोग गर्न पनि उनले किसानरुलाई आग्रह गरेका छन् । किसानहरुको व्यवसायिक प्रवर्द्धनलाई सरकारले विशेष ध्यान दिने उनले बताए । कार्यक्रममा आयोगका सदस्य टेकबहादुर बोगटीले किसानको हक, हित र सामाजिक सुरक्षाको सम्बन्धमा प्रस्तुतीकरण राखेका थिए ।

## विज्ञान शिक्षकका लागि प्रश्नपत्र निर्माण तालिम



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ विज्ञान शिक्षक समाज नेपाल मकवानपुरको आयोजनामा आधारभूत तह तथा माध्यमिक तहको एक दिवसीय प्रश्नपत्र निर्माण सम्बन्धी तालिम भएको छ ।

जिल्लाका ६३ जना विज्ञान शिक्षकहरुले सहभागिता जनाएको उक्त कार्यक्रममा सहजीकरण विज्ञान शिक्षकहरु भरत पोखरेल, दुर्गा पराजुली, खेम बिक र ओम प्रकाश सापकोटाले गरेका थिए । आधारभूत तह र माध्यमिक तह गरि दुई समूहमा विभाजन गरी सञ्चालन गरिएको तालिमबाट विशिष्टिकरण तालिका अनुसार प्रश्नपत्र निर्माण गर्न ध्यान पुर्‍याउनुपर्ने कुराहरु, संज्ञानात्मक तहहरु पहिचान गरी त्यस अनुसार प्रश्नपत्र निर्माण गर्ने सीपको विकास र प्रश्नपत्र निर्माणपूर्व तय गर्नुपर्ने नमुना मेट्रिक्स निर्माणलगायतका विषयमा प्रशिक्षार्थीहरु प्रशिक्षित भएको विज्ञान शिक्षक समाज नेपाल मकवानपुरका सचिव सुवास खनालले बताए ।

कार्यक्रमको समापन समारोह विज्ञान शिक्षक समाज नेपाल मकवानपुरका अध्यक्ष खेमराज लामिछानेको सभाध्यक्षता, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख अतिथ्यता र शिक्षा विकास तथा समन्वय इकाई प्रमुख सुदिप गिरीको विशिष्ट अतिथितामा भएको थियो । समापन कार्यक्रममा सिद्धार्थ माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक सागरप्रसाद खतिवडा, विज्ञान शिक्षकहरु रामकुमार ठाकुर, विनोद प्रसाद गुप्ता, मनिल कुमार कर्ण, ग्यालेक्सी बुक्स सेन्टरका अमृत मगर, लिंकेज टेक्निकल एकेडेमीका कमल कोइराला लगायतको आतिथ्यता रहेको थियो ।

## ज्येष्ठ नागरिक भवन बनाउन महायज्ञ गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ हेटौंडा उपमहानगरपालिका-६, स्थित शान्तिटोल टोल विकास संस्थाले श्रीमदभागवत सप्ताह ज्ञान महायज्ञको आयोजना गर्ने भएको छ ।

शान्तिटोलमा रहेको विपी गणेशमान स्मृति शान्ति पार्कमा राधाकृष्ण मन्दिर एवं ज्येष्ठ नागरिक भवन निर्माणका लागि फागुन ७ गतेदेखि १५ गतेसम्म महायज्ञ गरिने भएको शान्तिटोल टोल विकास संस्थाका अध्यक्ष केशव धितालले जानकारी दिए । अध्यक्ष धितालको संयोजकत्वमा एकसय ९५ मूल समारोह समिति गठन भएको छ । हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहालले स्थानीय तहबाट सहयोग गर्न तत्पर रहेको बताए ।

राम अधिकारीसहितको सचिवालय उपसमिति, पूर्णभद्र चौलागाईसहितको आर्थिक उपसमिति, रुपेश दुलालसहितको प्रचारप्रसार उपसमिति, अर्जुनप्रसाद चौलागाईसहितको जनसम्पर्क उपसमिति, केशव धितालसहितको अतिथि सत्कार उपसमिति, विष्णुप्रसाद सापकोटासहितको सरसफाई उपसमिति, रञ्जिता भेटवालसहितको प्रसाद वितरण उपसमिति र रामप्रसाद सापकोटा सहितको भान्सा व्यवस्थापन उपसमिति गठन भएको छ ।

कार्यक्रममा राप्रपाका ६ नम्बर वडा अध्यक्ष केदारबहादुर राई, प्रदेश दुग्ध विकास बोर्डका सदस्य बासुदेव सापकोटा, टोल विकास संस्था हेटौंडा-६ नम्बर वडा समन्वय समितिका अध्यक्ष बासुदेव खतिवडा, रेसुंगा युवा क्लवका अध्यक्ष श्रीराम खतिवडा, कामधेनु बहुद्देश्यीय सहकारी संस्थाका अध्यक्ष उदय विडारीलगायतले आफ्नो धारणा राखेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालविवाहमुक्त बनाउन लागौं

विवाह गर्ने वा नगर्ने भन्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय: सबै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हनन्को विषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा स्वीकार गरेको छ । बालविवाह उच्च रहेको मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ ।

दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मकरूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् । बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट वञ्चितमात्र गराउँदैन आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि वञ्चित हुन्छन् । विशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटामात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृङ्खला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।

बालबिवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभइ सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप पीडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सु-संस्कृत एवम् समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ । त्यसैले बालविवाहमुक्त समाज बनाउन सबै एकजुट भएर लाग्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २९ गते मंगलबार ११ फेब्रुअरी २०२५ । चतुर्दशी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४६, सूर्यास्त ५:५१।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद हुन सक्ने | **तुला** | : व्यापारबाट फाइदा हुनेछ |
| **वृष** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : नयाँ काम गर्न जागर आउनेछ |
| **कर्कट** | : यात्राको लागि राम्रो समय छ | **मकर** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **सिंह** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **कुम्भ** | : पढाइमा सहयोग मिल्नेछ |
| **कन्या** | : समय पूजापाठमा बित्नेछ | **मीन** | : रिसाउने बानीले हानि पुग्नेछ |

# सुध्रिएन देशको राजस्व सङ्कलनको अवस्था



✍डिल्लीराम मिश्र "कलमजीवी"

संयुक्तराज्य अमेरिकाका १६ औं, तर अत्यन्त लोकप्रिय राष्ट्रपति मात्र हैनन् विश्वकै राजनेता अब्राहम लिङ्कनको एक उद्गार छ- देशमा एक हजारजना मानिस मूर्ख भएर केही फरक पर्दैन, तर नेता वा नेतृत्ववर्ग मूर्ख भयो भने देश डुब्छ । आज देशमा यही भइरहेको छ । देशमा विधि विहीनता र चरमरुपमा मौलाएको भ्रष्टाचारको जग नै आज नेपाली जनतामा देखिएको असन्तुलित निराशा हो । ओली सरकारले पटक-पटक अर्थतन्त्र सुधारको बाटोमा गएको छ भनेर खोक्रो भाषण गरे पनि यसका यावत् सूचकहरु ओरालो लाग्ने बाटोतिर मुखरित छन् ।

सरकारी वित्तको अर्धवार्षिक समीक्षालाई हेर्दा पनि यो चालू आवको ६ महिनामा राजस्व सङ्कलनमा सुधार हुन सकेको छैन । मुलुकको राजस्व सङ्कलनमा जब सुधार हुँदैन तब देशको अर्थतन्त्रमा सुधार भयो भन्नु दिवास्वप्ना मात्र हो । कर प्रशासनमा चुहावट बढेको र नियन्त्रण सतही हुँदा कर कानुन पालनामा कमी आएकोले राजस्व लक्ष्यअनुसार बढ्न नसकेको हो । यसको मूल कारण शासकीय प्रबन्धको फितलोपना, राजस्व प्रशासकीय क्षमतामा कमी र बढ्दो चुहावट नै हो । देशमा गफाडी प्रधानमन्त्री एवं नुन खाएको कुखुराजस्तो अर्थमन्त्री भएपछि देशको वित्तीय हालत यस्तै हुन्छ । देशका अर्थमन्त्री कहाँ छन् ? अत्तोपत्तो भएको महसुस नेपाली जनतालाई हुँदैन । यही कारणले चालू आवको पहिलो ६ महिनामा सरकारको राजस्व सङ्कलन, पुँजीगत खर्च र वैदेशिक सहायता परिचालनलगायत अर्थतन्त्रका सूचकहरुमा अपेक्षित सुधार हुन सकेको देखिँदैन । देशको आम्दानी र खर्चमा फराकिलो अन्तर बन्दै जानु भनेको मुलुकको अर्थतन्त्र ऋणात्मक बाटोतर्फ अघि बढेको नकारात्मक सङ्केत हो ।

मुलुकको अर्थतन्त्रमा सुधारको समेत एजेन्डा लिएर गत असारमा नेका र एमालेको गठबन्धन सरकार गठन भए पनि चालू आवको पहिलो ६ महिनामा राजस्व सङ्कलन उत्साहप्रद देखिएन । नयाँ सरकार गठनसँगै देशमा राजनीतिक स्थिरता कायम हुने र देशको वित्तमा पनि सुधार हुने दाबी सरकारले गरे पनि व्यवहार निराशाजनक देखिएको छ । चालू आवको ६ महिनामा सरकारले ६ खर्ब ७७ अर्ब ८० करोड रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो, तर लक्ष्य १७.३८ प्रतिशत कम हुँदा सरकारले ५ खर्ब ६० अर्ब मात्र राजस्व सङ्कलन गरेको छ । यो गति विगत ४-५ वर्षदेखि कायम रहँदै आएको छ । यस्तै आव २०८०-०८१ मा पनि लक्ष्यभन्दा झन्डै ५ खर्ब रुपियाँ राजस्व कम उठेको छ । गत आवमा राजस्व सङ्कलन ७४.५४ प्रतिशत मात्र भयो भने खर्चको सीमा ८०.७५ प्रतिशतले ऋणात्मक हुन पुग्यो । सरकारले चालू आवको लागि १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रुपियाँ राजस्व उठाउने लक्ष्य लिएको छ तर पुस मसान्तसम्म यो लक्ष्य ३९.४३ प्रतिशत मात्र पूरा भएको छ ।

यही अनुपातको गतिमा जाने हो भने पनि चालू आवमा ७८.८६ प्रतिशतभन्दा बढी राजस्व सङ्कलन हुने अवस्था देखिँदैन । चालू आवको लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपियाँको बजेट विनियोजन गरिएको छ, जसमध्ये स्रोत नपुग हुने ५ खर्ब ४७ अर्ब ६७ करोड रुपियाँ वैदेशिक र आन्तरिक ऋणमार्फत जुटाउने सरकारको योजना रहेको छ । देशमा राजस्व सङ्कलनका लागि भन्सारको योगदान सबैभन्दा बढी छ । भन्सारबाट मात्र झन्डै ५० प्रतिशत राजस्व सङ्कलन हुने गर्दछ, तर राजस्व चुहावटको एउटा उल्लेखीय पक्ष भन्सारमा हुने व्यापक चुहावट हो । यस पाटोलाई सुधार नगर्ने हो भने देशले राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न असम्भवजस्तै छ । देशको राजस्व सङ्कलनमा अपेक्षित सुधार आउन नसक्नुमा बजेट निर्माण गर्दा दबाबमा करका दरहरुमा जथाभावी हेरफेर गर्नु नै हो । किनकि देशमा कमजोर आर्थिक गतिविधि रहँदासम्म राजस्व सङ्कलन कहिल्यै पनि चलायमान बन्न सक्दैन ।

मुलुकको राजस्व कम उठ्नुको कारणबाट सरकारले विदेशी वित्तीय संस्थाहरु मार्फत ऋण लिएर राष्ट्रसेवकहरुको तलब खुवाउनुपर्ने एवं चालू खर्च पनि त्यसैबाट आपूर्ति गर्नुपरेको अवस्था देशमा विद्यमान छ । एकातिर देशको आर्थिक अवस्था यस्तो छ भने अर्कोतिर अपेक्षाअनुसार राजस्व सङ्कलन गर्न नसक्दा सरकारलाई स्रोत व्यवस्थापनमा सङ्कट परेको छ । सङ्कलित राजस्वले साधारण र वित्तीय व्यवस्था अन्तर्गतको खर्चलाई समेत धान्नै गम्भीर समस्या देखा परेको छ । यस्तै पुँजीगत खर्चमा पनि स्रोतको अभाव देखिएको छ । चालू आर्थिक वर्षको ६ महिनामा सरकारको राजस्व सङ्कलन लक्ष्यभन्दा एक खर्ब १७ अर्ब ८० करोड रुपियाँ कम हो । यस्तो अवस्थामा कुल खर्चको करिब ७८ प्रतिशत मात्रै राजस्वले धानेको छ, नपुग खर्चको लागि ऋण र अन्य स्रोतमा भर पर्नुपरेको छ । यस अवधिमा देशको आम्दानीभन्दा खर्च बढी हुँदा जसको मासिक भार २५ अर्ब रुपियाँभन्दा बढी छ ।

जहाँसम्म आर्थिक अनुशासनहीनता बढ्छ र कायम रहन्छ, त्यहाँ चरमरुपमा मुलुकको बेरुजु बढ्ने गर्दछ । देशमा बेरुजु बढ्नु भनेको राजस्व सङ्कलन घट्नु हो । आर्थिक नियम, कानुन र मर्यादामा शासन प्रणाली चल्न नसक्दा बेरुजुले देशलाई आक्रान्त बनाएको छ । बेरुजु देशको कलङ्क पनि हो । अहिले देशमा पुग-नपुग १५ खर्ब रुपियाँ बेरुजु कायम रहेको छ । यसलाई असुल गर्नेतर्फ सरकारको न त नीति छ, न त कार्ययोजना नै छ । देशमा रहेको बेरुजु मात्र असुल गर्ने हो भने झन्डै एक आर्थिक वर्षको बजेटको माग पूरा गर्न सकिन्छ । देशको अर्थतन्त्र शिथिलतातिर जाँदा वैदेशिक व्यापार खुम्चिएको छ भने व्यापार घाटा १४ खर्ब रुपियाँभन्दा बढी छ, जसबाट राजस्व उठतीमा समेत ह्रास आएको छ । अहिले देशको विदेशी मुद्रा सञ्चिति बढेको छ । यसको कारण रेमिट्यान्समा निरन्तर वृद्धि, पर्यटन क्षेत्रमा सुधार एवं आयातमा गिरावटले मुद्रा सञ्चितिमा प्रगति देखिएको छ, तर यो स्थायी स्वरुपको मापन हैन । विदेशी मुद्रा सञ्चिति हुन देशमा उत्पादन वृद्धि अपरिहार्य छ । सरकार मुद्रा सञ्चितिमा केही हदसम्म उत्साहित त भएको छ, तर उपयोगमा उदासीन छ । मुलुकको विदेशी मुद्रा सञ्चितिमा नयाँ अभिलेख बन्ने क्रम जारी रहँदा अहिले यसको आयतन २१ खर्बभन्दा बढी रुपियाँ पुगेको छ । देशका विद्यमान आर्थिक सूचकाङ्कहरु सकारात्मक बन्न नसक्नुको कारण अर्थतन्त्रमा सुधार हुन सकेको देखिँदैन ।

नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको सरकारले आर्थिक वर्ष २०१६/०१७ को लागि संसद्मा बजेट प्रस्तुत गरेको थियो । यो बजेट अर्थमन्त्री सुवर्ण शमशेरले प्रस्तुत गरेका थिए, तर २०१७ साल पुस १ गतेको राजनीतिक परिघटनाबाट अन्तत: संसदीय शासन प्रणाली नै विघटन हुन पुग्यो । तद्पश्चात् पञ्चायत व्यवस्थाको सूत्रपात भयो । झन्डै ३० वर्षसम्म चलेको पञ्चायती व्यवस्थाले आफ्नो अन्तिम बजेटको रुपमा आर्थिक वर्ष २०४६/०४७ को लागि अर्थमन्त्री भरतबहादुर प्रधानले २० अर्ब २४ करोड १९ लाख १७ हजार रुपियाँको बजेट राष्ट्रिय पञ्चायतमा प्रस्तुत गरेका थिए । यसरी विनियोजित बजेटमा विकासतर्फ १३ अर्ब ५९ करोड ७ लाख ८७ हजार तथा साधारणतर्फ ६ अर्ब ६५ करोड १२ लाख ८ हजार रुपियाँ प्रक्षेप्रण गरिएको थियो ।

यस आवको बजेटमा विकासतर्फ ६७.१४ र साधारणतर्फ ३२.८६ प्रतिशत रहँदा विकास बजेट दोब्बरले बढी छ । जनआन्दोलन पश्चात् नेपाली कांङ्गेसका सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा देशमा अन्तरिम सरकारको गठन भयो । अन्तरिम सरकारका अर्थमन्त्री डा. देवेन्द्रराज पाण्डेले आम नेपाली जनताको हितलाई बजेटमा प्राथमिकताका साथ देशको ग्रामीण विकासमा जोड दिँदै आर्थिक वर्ष २०४७/०४८ को लागि १९ अर्ब ७९ करोड १७ लाख रुपियाँको बजेट पेस गरेका थिए । यस विनियोजित बजेटमा पनि साधारणतर्फ ७ अर्ब ४६ करोड ५० लाख एवं विकास बजेटतर्फ रु. १२ अर्ब ३२ करोड ६८ लाख समावेश गरिएको छ । प्रस्तुत बजेटमा विकास बजेटतर्फ ६२.२८ र साधारणतर्फ ३७.७२ प्रतिशत रहेको छ । यस आवको बजेटमा पनि चालू खर्चभन्दा पुँजीगत बजेट २४.५६ प्रतिशतले बढी छ ।

देशको कुल बजेटमध्ये ६५.२ प्रतिशत चालू खर्च, १७.२५ प्रतिशत पुँजीगत खर्च र १७.५५ प्रतिशत सावाँ र ब्याज तिर्नको लागि विनियोजन गरिएको छ । देशमा रोजगारको अवसर र अवस्था सिर्जना गर्ने एवं पुँजी निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने विकास बजेट अर्थात् पुँजीगत खर्च हरेक आवमा झनै कमजोर बन्दै गएको छ । सरकारको नीति कार्यक्रम तथा बजेट भाषण दुवैमा उत्पादन बढाउने र देशको पुँजीको निर्माण गरी कहाली लाग्दोरुपमा अघि बढेको व्यापारघाटा कम गर्न आयात-निर्यातबीच सन्तुलन कायम राख्न भनिए पनि यस बजेटले आस्था जगाउन नसकेको बुझाइ आम अर्थविद्हरुबीच रहेको छ ।

विकास बजेट ३ खर्ब २ अर्ब ७ करोड हुँदा सार्वजनिक ऋणको सावाँ र ब्याजको किस्ता तिर्न मात्रै ३ खर्ब ७ अर्ब ४५ करोड बजेट विनियोजन गरिएको छ । यस बजेटमा चालू खर्च ६५.२ प्रतिशत पुग्नु देश झन्-झन् अधोगतिमा गएको पूर्वसङ्केत हो । आर्थिक वर्ष २०४६/०४७ मा देशको पुँजीगत खर्च ६७.१४ प्रतिशत रहेको अवस्थामा आव २०८१/०८२ सम्म आइपुग्दा यो तस्वीर १७.२५ प्रतिशतमा झरेको छ । देशमा पुँजीको निर्माण गर्ने, रोजगारीको अवसर सिर्जना गर्ने एवं राजस्व सङकलनमा उच्चतम महत्व राख्ने पुँजीगत वा विकास बजेटको यो कमजोर हबिगतले देशको विकास अघि बढ्न असम्भव छ ।

यसबाट पनि देशको अर्थतन्त्र कति प्रगतिको बाटोमा छ भन्ने तथ्यलाई सहजै बुझ्न सकिन्छ । देशको राजस्वले चालू खर्च धान्न नसकेको दर्दनात्मक अवस्था एकातिर छ भने प्रस्तुत बजेटमा पनि आयभन्दा व्यय बढी भएबाट बजेट कार्यान्वयनमा जटिलता थपिएको छ । पछिल्लो पाँच आर्थिक वर्षदेखि देशको राजस्व सङ्कलन ऋणात्मक रहँदै आएको छ । आव २०७६/०७७ देखि आव २०८०/०८१ सम्मको स्थितिलाई हेर्ने हो भने यो तस्वीर देखिन्छ, जुन देशको लागि निराशाजनक अवस्था हो । विगत पाँच वर्षदेखि राजस्व सङ्कलनले आफ्नो लक्ष्य भेट्टाउन मुस्किल परेको छ । यसको अर्थ हुन्छ, देशको आम्दानी कम र खर्च बढी भएको आधार हो । पाँच वर्षयता लक्ष्यअनुसार राजस्व सङ्कलन नभएको तथ्य अर्थ मन्त्रालयले समेत स्वीकार गरेको छ । यी पाँच वर्षमा सबैभन्दा कम आव २०७९/०८० मा ६८.२३ र सबैभन्दा बढी आव २०७७/०७८ मा ९२.५ प्रतिशत राजस्व सङ्कलन भएको छ ।

यस्तै अरु तीन वर्ष आव २०७६/०७७ मा ७१.३८, आव २०७८/०७९ मा ९०.२४ र आव २०८०/०८१ मा ७४.५४ प्रतिशत राजस्व सङ्कलन भएको छ । यी पाँच वर्षको औसत राजस्व सङ्कलन ७९.३४ प्रतिशत रहेको छ, जुन लक्ष्यभन्दा २०.६६ प्रतिशतले कमी हो । यस्तै चालू आवको ६ महिनाको अवस्थालाई हेर्दा यस आवमा पनि राजस्व सङ्कलन ऋणात्मक नै हुने देखिन्छ । देशको वस्तु आयात-निर्यातबीचको सन्तुलन कायम हुन नसक्दा र आयात सङ्कुचित हुँदा यसमा आधारित राजस्व प्रणालीमा समेत नकारात्मक चाप परेको छ । सरकार ऋण तिर्नकै लागि ऋण लिनसमेत विवश छ ।

पछिल्लो दश वर्षमा मात्र नेपालको सार्वजनिक ऋण झन्डै चार गुणाले बढेको छ । आव २०७१/०७२ मा ५ खर्ब ४० अर्ब रहेको सार्वजनिक ऋण आव २०८१/०८२ को पुससम्म २५ खर्ब ३६ अर्ब १३ करोड रुपियाँ पुगेको छ । यसअन्तर्गत आन्तरिक ऋण १२ खर्ब ३४ अर्ब ७१ करोड एवं वैदेशिक ऋण १३ खर्ब १ अर्ब ४१ करोड रहेको छ ।

यस अवधिमा सरकारी वित्त एक खर्ब ५६ अर्बले घाटामा छ भने राजस्व सङ्कलन लक्ष्यभन्दा कम रहेको अवस्था हो । अहिले एक रुपियाँ राजस्व उठाउँदा सरकारी खर्च एक रुपियाँ ३९ पैसा रहेको छ । अर्थतन्त्रका सूचकहरु आरालो लाग्ने क्रम रोकिएको छैन । त्यसैले यही गतिमा देशको आन्तरिक र वैदेशिक ऋण बढ्दै जाने हो भने यसलाई कम गर्न देशमा उत्पादन बढाउनुबाहेक अर्को विकल्प रहँदैन, तर सरकार भने उत्पादन बढाउनुको सट्टा विदेशीसँग ऋण लिनमा नै उद्यत रहेको देखिन्छ । वैदेशिक ऋण पनि देशको उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्दा यसले दुरुपयोगको बाटो अङ्गीकार गरेको छ, जुन ज्यादै जोखिमपूर्ण छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# रोग होइन अटिजम, पुनर्स्थापनामा जोड गरौं

✍अमृता लम्साल

अटिजम बालबालिकाको पुनर्स्थापनामा कार्यरत सविता उप्रेतीको अनुभवमा अटिजम भएका बालबालिकालाई आमा या बाबुले मात्रै स्वीकारेर नपुग्ने रहेछ । घरपरिवार र समाजमा चेतना जगाउनु आवश्यक छ ।

'जन्मजात नसा वा तन्तुको विकास र कार्यमा समस्या भएको व्यक्ति (जस्तो: सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउने, अस्वाभाविक प्रतिक्रिया देखाउने, एउटै क्रिया लगातार दोहोऱ्याइरहने, अरूसँग घुलमिल नहुने वा तीव्र प्रतिक्रिया गर्ने)' लाई अटिजम सम्बन्धी अपाङ्गता भनिन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची (दफा ३ को उपदफा १ सँग सम्बन्धित) मा अपाङ्गताको परिभाषा तथा अपाङ्गताका प्रकारहरूको बारेमा त्यसरी परिभाषित गरेको हो ।

वि.सं. २०७८ को जनगणना अनुसार नेपालमा ४ हजार ८८६ जना अटिजम भएका व्यक्तिहरू छन् । सरकारी तथ्यांकमा यसो भने तापनि, यो संख्या बढी हुनसक्ने अनुमान गर्न सकिन्छ । कारण, धेरैले अटिजम भनेको के हो भनेर बुझ्नै बाँकी छ । जबसम्म आफ्नो बच्चा या परिवारमा यसको सामना गर्नु परेको हुँदैन, तबसम्म यसबारेमा सरोकार नै रहँदैन । सन् २०२४ जुलाई ७ तारिखमा बीबीसी नेपाली समाचारले एउटा सानो भिडियो समाचार बनाएको थियो । त्यस भिडियोमा बाल रोग विशेषज्ञ तथा त्रिविवि शिक्षण अस्पतालकी सहप्राध्यापक डा. मेरिना श्रेष्ठले भन्नुभएको छ, 'अटिजममा धेरै पाटा जोडिएका हुन्छन् । मुख्यत: धेरैले अटिजमलाई रोग भन्ने गर्छन्, जुन गलत हो । अटिजमको उपचार हुँदैन र यो भिन्न खालको अवस्था हो ।' संयुक्त राज्य अमेरिकाको रोचेस्टर, मिनेसोटास्थित मेडिकल प्राक्टिस एन्ड मेडिकल रिसर्च ग्रुप, 'मेयो क्लिनिक'ले अटिजमको परिभाषा यसरी दिएको छ- अटिज्म स्पेक्ट्रम डिसअर्डरको अवस्था भनेको ब्रेनको विकासले पार्ने असर हो । यसमा, एउटा व्यक्तिले कसरी आफूलाई सामाजिकीरण गर्छ, सामाजिक अन्तरक्रिया र कुराकानी गर्दा कस्तो समस्या देखाउँछ, त्यो अवस्था हो । कुनै व्यक्तिले केही कुरा दोहोऱ्याई तेहेऱ्याई गरिरहन्छ त्यसैगरी बोलिरहन्छ भने त्यस्तो असरलाई पनि अटिजम भनिन्छ ।

विशेषज्ञहरूका अनुसार, कतिपय बच्चामा अटिजमको अवस्था हेर्ने, आवाज सुन्ने बेलामा नै पाइन सक्छ । जब, २/३ महिनाको बच्चाले आफ्नो नजिकमा रहने व्यक्तिहरू आमा, बुबा, स्याहार्ने मानिसहरूले बोलाउँदा नहेर्ने, उनीहरूसँग आँखा जुधाएर नहाँस्ने, आफ्नै एकोहोरो तालमा बसिरहने गरेको देखियो भने सम्बन्धित व्यक्तिहरूले विशेष ध्यान राख्नुपर्ने हुनसक्छ । तर, कोही बच्चाको सानो हुँदा राम्रैसँग विकास हुँदै जाने र ठूलो हुँदै जाँदा अचानक एकदमै रिसाहा, जिद्दी, नबोल्ने इत्यादि असर देखियो भने पनि डक्टरसँग परामर्श लिनुपर्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा, अटिजम भएका सबैको व्यवहार उस्तै नहुने रहेछ । विभिन्न अनुसन्धानबाट प्रकाशित रिपोर्ट अनुसार, अटिजम भएको बच्चा वा वयस्कले सामाजिक सञ्चार वा अन्तरक्रिया गर्दा, कसैले नाम लिएर बोलाउँदा आफ्नो नाम बोलाएको हो भनेर पहिचान नगर्ने वा नसुनेको जस्तो व्यवहार देखाउने गर्छन् । कसैसँग टाँस्सिएर नबस्ने, एक्लै खेलेर बस्न रुचाउने आफ्नै संसारमा एक्लै व्यस्त र हन रुचाउने, कसैसँग आँखा जुधाएर कुरा नगर्ने अनुहारमा कुराकानीको असर नदेखिने, बोली नफुट्ने वा बोल्न ढिलो सुरु गर्ने पहिले बोलेका शब्दहरू वा वाक्यहरू बिर्सने, कुराकानी सुरु गर्न नसक्ने र सुरु गरिसकेपछि पनि निरन्तरता दिन नसक्ने जस्ता व्यवहार देखाउने हुनसक्छ ।

जब अटिजम भएका बच्चाको उमेर बढ्दै जान्छ तब उनीहरूमा अटिजमबाट हुने फरक व्यवहार पनि कम हुँदै जाने तथा अरूसँग घुलमिल हुने गरेको पनि देखिन्छ । केही बच्चाहरूको स्थिति अझै खराब हुँदै गएको उदाहरण पनि पाइन्छ । हाम्रै वरिपरि अटिजम भएका यस्ता व्यक्तिहरू पनि छन् जसले आईटीको क्षेत्रमा सफलतापूर्वक काम गरेर जीवनयापन गरिरहेका छन् । एक जना आमा अटिजमको असरबाट प्रभावित आफ्नो बच्चाको बारेमा भन्दै हुनुहुन्थ्यो- हाम्रो छोराले केही समयसम्म हामीसँग अंग्रेजीमा बाहेक बोल्दै बोल्दैनथ्यो । उसलाई ठिक नलागेको कुरा पटक्कै गर्न मान्दैनथ्यो । तर अहिले त्यो कुरामा सुधार आएको छ । ती बच्चाका बाबुका अनुसार, अटिजम भएको बच्चालाई लिएर आमा/बाबु नै थेरापीमा जानुपर्छ । यसबारेमा लुकाउने होइन, जनचेतनाको लागि पनि आफ्ना अनुभवहरू सेयर गर्ने गर्नुपर्छ ।

### पुनर्स्थापनाका लागि के गर्ने ?

अटिजमले के-कस्तो कुरामा असर पार्छ भन्ने बारेमा लामो समयदेखि अटिजम भएका बालबालिकालाई पुनर्स्थापनाको क्षेत्रमा कार्यरत सामाजिक अभियन्ता सबिता उप्रेती भन्नुहुन्छ, 'अटिजम चाहिं जन्मजातै बालबालिकाको नसा र तन्तुमा देखिने एककिसिमको फरकपन, जसबाट विशेषगरी चार वटा क्षेत्रमा फरक पर्छ । पहिलो, सामाजिक रूपले घुलमिल हुने कुराहरू दोस्रो, ल्याक अफ कम्युनिकेसन अर्थात्, आफ्नो आवश्यकतालाई शब्द या भाषाको माध्यमबाट प्रस्तुत गर्न नसक्ने । तेस्रो, एउटै क्रियाकलाप दोहोऱ्याइरहने व्यवहार र चौथो, कि अति सक्रिय रहने वा निष्क्रिय बस्ने । अटिजम भएका सय जना बच्चा छन् भने, सय किसिमकै व्यवहार देखिन्छ ।'

विगत तेह्र वर्षदेखि विशेष स्कुल तथा पुनर्स्थापना केन्द्र (एसएसडीआरसी) स्थापना गरी अटिजम बालबालिकाको पुनर्स्थापनाको कार्य गर्दै आउनुभएकी सबिता भन्नुहुन्छ, 'यो अवस्था ठिक नभए पनि बालबालिका ६ वर्ष पुग्नु अगाडि नै प्रारम्भिक हस्तक्षेप गरेर अगाडि बढ्ने हो भने उनीहरूको व्यवहारमा धेरै सकारात्मक सुधार आउन सक्छ । वयस्क भइसकेपछि सिक्छन् र सिकाउँला भन्ने सोच राख्नुहुन्न । बच्चालाई जे सिकायो, पछिसम्म त्यही गर्छन् ।'

अटिजम भएका बालबालिकामा किशोरवय छिट्टै आउने सविता बताउनुहुन्छ । 'उनीहरूको शारीरिक विकास, बालकमा जुँगा आउने, बालिकाको रजस्वला हुने जस्ता कुराहरू ८/९ वर्षमै आउने हुन्छ । यस्तो परिवर्तनलाई स्वीकार्न अटिजम भएका किशोर/किशोरीलाई धेरै गाह्रो हुन्छह जसले गर्दा डिप्रेसन, फ्रस्ट्रेसन, हाइपर हुने हुन्छ । त्यसैले पनि, प्रारम्भिक हस्तक्षेप एकदमै जरूरी छ ।'

सविताको अनुभवमा, अटिजम भएका बालबालिकालाई आमा या बाबुले मात्रै स्वीकारेर नपुग्ने रहेछ । घरपरिवार र समाजमा यसबारेमा जनचेतना नपुगेको हुँदा अटिजम भएको बच्चा जन्मिँदा परिवारमै पनि द्वन्द्व हुने, 'यो त आमाको रगतले गर्दा भएको हो' भनेर आमालाई दोष दिने सम्बन्धविच्छेद हुने, घरका अन्य सदस्यले यो रोग सर्छ भनेर नछुने जस्ता घटनाहरू पनि देखिन्छ । उहाँले यस क्षेत्रमा काम गर्न थालेको पनि यस्तै खालको घटनाले गर्दा रहेछ । उहाँ समाज कल्याण परिषद्को राष्ट्रिय अपाङ्ग कोषमा जागिरे रहँदा त्यहाँबाट फिल्ड भिजिटमा गएको बेला, घरमा बच्चाहरू थुनेर, बाँधेर राखेको हृदयविदारक दृश्य देख्नुभयो । 'त्यसरी राखिएका कतिपय बच्चाहरू दिसा-पिसाबमा डुबेको र भोक लाग्दा त्यही खाएको देखेपछि मन सम्हाल्न कठिन हुन्थ्यो', उहाँ भन्नुहुन्छ ।

क्रमश: पृष्ठ-३....

# अध्यादेश सरकारको वैधानिक अधिकार, तर सधैं प्रश्नमा




काठमाडौं/अध्यादेश ल्याउन पाउनु सरकारको वैधानिक अधिकार हो । नेपालको संविधानको धारा ११४ ले संसद् अधिवेशन चालु नरहेका बेला तत्काल केही गर्न आवश्यक परे मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने व्यवस्था गरेको छ । यस्तो व्यवस्था नेपालमा कार्यकारी प्रमुखलाई विधानत: २००४ साल देखि नै प्राप्त हुँदै आएको छ ।

नेपाल सरकार वैधानिक कानुन २००४ मा अध्यादेश जारी गर्ने अधिकार श्री ३ लाई प्रदान गरिएको थियो । तर, त्यसबेला अध्यादेश जारी भएको पाइँदैन । अन्तरिम शासन विधान २००७ मा अध्यादेश सम्बन्धी व्यवस्थाले थप प्रष्टता पायो । त्यस अन्तर्गत पनि अध्यादेश जारी भएको देखिँदैन । नेपाल अधिराज्यको संविधान २०१५ जारी भएपछि भने नेपालमा कार्यकारी प्रमुखले अध्यादेश जारी गर्ने वैधानिक अधिकारको प्रयोग हुन थाल्यो । त्यसयताका ६६ वर्षमा ३११ वटा अध्यादेश जारी भएको संसदीय अभिलेख छ ।

पछिल्लो पटक वर्तमान सरकारले संसद् अधिवेशन नरहेका बेला गत पुस र माघ महिनामा विभिन्न ६ वटा अध्यादेश ल्याएको थियो । यी अध्यादेश आएसँगै अध्यादेशको पक्ष-विपक्षमा पुन: बहस सिर्जित भएको छ । अध्यादेश पक्षधर सांसदहरू सरकारले वैधानिक अधिकारको प्रयोग गरेको भन्दै बचाउ गरिरहेका छन् भने विपक्षमा रहेका सांसद सरकारले वैधानिक अधिकारको दुरुपयोग गरेको आरोप लगाइरहेका छन् । सत्तारुढ नेपाली कांग्रेसका सांसद जितजंग बस्नेत अध्यादेश सरकार सञ्चालनका लागि आवश्यक रहेको बताउँछन् । 'जुनै सरकारले पनि अध्यादेश ल्याउन सक्छ । अध्यादेश सत्तापक्षको भिटो हो,' बस्नेतले आइतबार राष्ट्रिय सभाको बैठकमा भने ।

सरकारले आवश्यक ठानेमा चालु संसद् अधिवेशन अन्त्य गरेरै पनि अध्यादेश ल्याउन सक्ने उनको दलिल छ । 'सरकारले आफ्ना एजेन्डा चाडो भन्दा चाडो लागू गर्नुछ भने अध्यादेश ल्याउँछ,' उनी भन्छन्, 'अध्यादेश यो समयमा पनि ल्याउन सकिन्छ । संसद् अधिवेशनलाई स्थगन गरेर पनि अध्यादेश ल्याउन सकिन्छ । यो वैधानिक व्यवस्था हो ।' सरकारले वैधानिक अधिकार प्रयोग गरेको दोहोर्‍याउँदै उनी विपक्षी दलहरूलाई अध्यादेश किन ल्याइयो भनेर बहस नगर्न र अध्यादेशमा रहेका विषय के कस्ता छन भनेर विषय उठाउन सुझाउँछन् ।

'माननीय ज्युहरू कन्टेन्टमा बहस गरौं । राम्रो पक्ष के हो ? नराम्रो पक्ष छ भने प्रतिस्थापन विधेयक ल्याएर सुल्ट्याउन सकिन्छ,' सांसद बस्नेतको आग्रह छ, 'सरकार पक्षले मेरो गोरुको बाह्रै टक्का जस्तो नगरौं । प्रतिपक्षमा रहेकाहरू पनि सहमति र सहकार्यमा अगाडि बढौं ।' माओवादी केन्द्रका सांसद मीना तामाङ भने कांग्रेस सांसद बस्नेतको मतसँग असहमत छिन् । वैधानिक अधिकारको सदुपयोग हुनुपर्नेमा दुरुपयोग भएको उनको आरोप छ ।

'सरकार देश र जनताको सुख-दु:ख भन्दा स्वार्थ समूहको सहजताका लागि संसद् बन्द गरेर चोर बाटोबाट अनुकुल कानुन बनाइरहेको छ,' तामाङले आइतबार प्रतिनिधिसभाको बैठकमा भनिन् । सबै अध्यादेशहरू खारेज गरेर विधेयक ल्याउन सांसद् तामाङको आग्रह छ ।

### उस्तै विगत

कानुनको अभाव अस्थायी रूपमा पूर्ति गर्न अध्यादेश ल्याउन सक्ने संवैधानिक व्यवस्थाको प्रयोगले विगतदेखि नै बहस सिर्जना गर्दै आएको छ । यस सम्बन्धमा संघीय संसद् सचिवालयले अध्ययन नै गरेको छ । संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा अन्तर्गत रहेर संघीय संसद् सचिवालयका सचिवालय सचिव सुदर्शन खड्काको संयोजकत्वमा गठित अध्ययन समितिले अध्यादेशलाई संविधानले कार्यकारी प्रमुखलाई दिएको शर्त सहितको सुविधाको रूपमा ब्याख्या गरेको छ ।

संसदीय अध्ययन तथा अनुसन्धान महाशाखाका अनुसार नेपाल अधिराज्यको संविधान २०१५ जारी भएपछि २०१६ सालमा पाँचवटा र २०१७ सालमा दुईवटा अध्यादेश जारी भएका थिए । २०१६ सालमा जारी गरिएका पाँचवटा अध्यादेशमा तीनवटा करसँग सम्बन्धित थिए । नेपालको संविधान २०१९ लागू भएपछि त्यस संविधान अन्तर्गत ६४ वटा अध्यादेश जारी भएका थिए । नेपाल अधिराज्यको संविधान २०४७ लागू भएपछि २०६३ सालसम्म जम्मा १८२ वटा अध्यादेश जारी भएको पाइन्छ । २०४८ देखि २०५९ सम्म ३० वटा अध्यादेश जारी भएका थिए भने २०६० सालमा २७ वटा, २०६१ सालमा ३३ वटा र २०६२ सालमा ७९ वटा अध्यादेश जारी भएको देखिन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ जारी भएपछि २०७२ सालसम्म जम्मा ३९ वटा अध्यादेश जारी भएका थिए । २०६८ सालमा कुनै पनि अध्यादेश जारी भएको देखिँदैन भने २०६९ सालमा सबैभन्दा बढी १६ वटा अध्यादेश जारी गरिएको देखिन्छ । नेपालको अन्तरिम संविधान २०६३ जारी भएपछि २०७२ सालसम्म ३९ वटा अध्यादेश जारी भएको देखिन्छ । २०६८ सालमा कुनै पनि अध्यादेश जारी भएको देखिँदैन भने २०६९ सालमा सबैभन्दा बढी १६ वटा अध्यादेश जारी गरिएको देखिन्छ । यस अवधिमा जनप्रतिनिधिमूलक व्यवस्थापिका-संसद् अथवा संविधानसभा क्रियाशील रहेको कारण पनि तुलनात्मक रूपमा कम अध्यादेशहरू जारी भएको देखिन्छ । २०७२ सालमा नेपालको संविधान जारी भएपश्चात २०७४ सालमा तीनवटा, २०७५ सालमा पाँचवटा, २०७७ सालमा ११ वटा, २०७८ सालमा २८ वटा र २०७९ सालमा दुईवटा अध्यादेश जारी भएको छ ।

अध्यादेशहरूमध्ये थोरै मात्रै कानुनमा परिणत भएको देखिन्छ । २०७२ सालको संविधान अनुसार चुनाव भएपछिको पाँचवर्षे अवधिमा ४९ वटा अध्यादेश जारी भएका थिए । त्यसमध्ये जम्मा १७ वटा मात्रै प्रतिस्थापन विधेयक मार्फत ऐनमा रूपान्तरित भएको संसद् सचिवालयको अध्ययनले देखाएको छ । २०७२ सालको संविधान अनुसार भएको दोस्रो चुनावपछि २०८० सालमा पनि अध्यादेश जारी भएको छ । २० वैशाख २०८० मा मिटर ब्याज पीडितको समस्या सम्बोधन गर्न सरकारले अध्यादेश जारी गरेको थियो । उक्त अध्यादेशले गरेको परिवर्तित व्यवस्था ऐनमा रूपान्तरित भइसकेको छ ।

२०८० सालमै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० आएको थियो । २८ वैशाख २०८१ मा सरकारले लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ल्याएको थियो । २०८१ सालमै चालु अवधिमा पछिल्लो समय सरकारले २९ वटा ऐन संशोधन गर्ने गरी विभिन्न ६ वटा अध्यादेश ल्याएको छ । जो संसदीय प्रक्रियामा प्रवेश गरेको छ ।

१. आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८१,
२. निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको अध्यादेश २०८१,
३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश २०८१,
४. सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८१,
५. भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८१,
६. सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८१ ।

यी अध्यादेशहरू गत पुस र माघ महिनामा जारी भएका हुन् । संसद्रुमा अधिवेशन नरहेका बेला ल्याइएका यी सबै अध्यादेश दुवै सदनमा अधिवेशन सुरु भएकै दिन १८ माघमा प्रस्तुत भइसकेको छ । संविधानत: अब १८ माघबाट ६० दिने काउनडाउन सुरु भएको छ । संसद्रुमा प्रस्तुत अध्यादेश ६० भित्र दुवै सदनबाट स्वीकृत गराएर अध्यादेश प्रतिस्थापन विधेयक ल्याएर त्यसलाई पास गराएर ऐनमा रुपान्तरण गरिसक्नुपर्ने हुन्छ ।

### सधैं प्रश्न

संसदीय अध्ययन अनुसार नेपालमा दुई कोणबाट अध्यादेश जारी हुने गरेको पाइन्छ ।
पहिलो : राजनीतिक परिस्थिति
दोस्रो : आवश्यकताको उपज

यी दुईमध्ये पहिलो कोणबाट जारी हुने अध्यादेशका सन्दर्भमा सधैं प्रश्न उठ्ने गर्दछ । यसअन्तर्गत राजनीतिक नाफा घाटाको आधारमा अध्यादेश जारी भएका उदाहरण पाउन सकिन्छ । राजनीतिक नाफा घाटाको आधारमा जारी भएका अध्यादेशको उदाहरणको रूपमा संसदीय अध्ययनले नागरिकतासम्बन्धी अध्यादेश, संवैधानिक परिषद्को (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्ने अध्यादेश तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई प्रस्तुत गरेको छ ।

अध्यादेश ल्याउनुपर्ने परिस्थितिको उपजको उदाहरणमा यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, विध्वंशात्मक हिंसा नियन्त्रण सम्बन्धी अध्यादेश तथा संसद् विघटन भई विधायिकी संस्थाको अनुपस्थितिमा जारी भएका कतिपय अध्यादेशलाई प्रस्तुत गरिएको छ । संसदीय अध्ययनले शासन व्यवस्था सञ्चालन गर्ने हतियारको रूपमा समेत अध्यादेश जारी भएको पनि औंल्याएको छ । अगाडि भनिएको छ, 'अध्यादेश आवश्यकताको उपजको रूपमा तथा शासन व्यवस्था सञ्चालन गर्ने हतियारको रूपमा गरी दुवै अवस्थामा जारी हुने गरेको देखिन्छ ।'

आश्यकताको उपजको रूपमा जारी हुने अध्यादेशले मुलुकमा सुशासन कायम गर्न सघाउँछ भने शासनको सहजताको लागि ल्याइने अध्यादेशले मुलुकमा राजनीतिक प्रणालीमा समेत प्रतिकूल प्रभाव पार्ने अवस्था हुन सक्छ । संसदीय अध्ययनमा भनिएको छ, 'अध्यादेश प्रजातान्त्रिक शासन प्रणालीमा उत्तरदायित्वको श्रृंखलासहित स्वीकार गरिएको हुन्छ । यसको सही प्रयोगबाट राजनीतिक प्रणालीले जीवन्तता पाउन सक्छ भने दुरुपयोगले प्रजातान्त्रिक प्रणालीमा नै प्रश्न उठाउँछ ।'


कुनै अवधिमा वा कुनै विषयमा संवैधानिक व्यवस्थाको दुरुपयोग गरेको दृष्टान्तलाई लिएर अध्यादेशलाई संविधानबाट नै हटाउने तर्क उपयुक्त मान्न सकिँदैन । तर, यसको दुरुपयोग रोक्न भने सबै सचेत हुनुपर्ने देखिन्छ । अध्यादेशको भर मा शासन गर्न खोज्ने प्रवृत्ति पनि स्वीकार्य हुँदैन । यसबारे सर्वोच्च अदालतले समेत पटक-आदेश र फैसला गरेको पाइन्छ ।

२०७८ सालमा तत्कालीन सरकारले अध्यादेशबाट ल्याएको बजेटमा ढुंगा गिटी बालुवा उत्खनन गरी व्यापारघाटा कम गर्ने प्रस्तावित नीति थियो । त्यस नीतिविरुद्ध सर्वोच्च अदालतमा मुद्दा पर्‍यो । ४ असार २०७८ मा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै 'सरकारले अध्यादेशबाट दूरगामी असर गर्ने निर्णय गर्न नहुने र त्यस्तो अभ्यासले विधायिकाको अधिकारमा हस्तक्षेप हुने' ब्याख्या गरेको थियो । यसले देखाउँछ- अध्यादेश जारी गर्ने विषयमा थुप्रै समस्या छन्, तर यसको आवश्यकता छ ।

अध्यादेश जारी गर्ने विषय प्रजातान्त्रिक शासन प्रणालीमा सहज नमानिए तापनि यसको सही सदुपयोग भएमा मुलुकमा सुशासन कायम गर्न महत्वपूर्ण आधार हुन सक्दछ । 'अध्यादेश जारी गर्ने अधिकारको दुरुपयोग भयो भने शासन संचालनमा स्वेच्छाचारिता बढ्नसक्ने खतरा नहोला भन्न सकिँदैन,' अध्ययनले सुझाएको छ, 'तथापि, तत्कालको कानुनी रिक्ततालाई सम्बोधन गर्न तथा महत्वपूर्ण शासन प्रणालीको अवयवका रूपमा विकास गर्न अध्यादेश जारी गर्ने पद्धतिलाई वस्तुपरक बनाउन जरुरी छ ।' अध्यादेशलाई शासन गर्ने व्यक्तिको सहजताको लागि नभई नागरिकको अधिकार संरक्षण र प्रवर्द्धन तथा राष्ट्रिय हितको संरक्षण गर्ने सम्बन्धमा उपयोग गरिनुपर्ने निचोडसहित अध्ययनले पाँचबुँदे सुझाव सुझाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# फूलपातीमा थुप्रिए फिल्म, 'हरि बहादुरको जुत्ता' पनि आउने



काठमाडौं/यसपालि दशैंको फूलपातीमा आएका तीन फिल्ममध्ये '१२ गाउँ' र 'छक्का पञ्जा ५'ले बक्स अफिसमा आक्रामक व्यापार गरे । दुई फिल्मले गरी लगभग ४० करोड कमाए । यही देखेर यतिबेला एकपछि अर्को निर्माताले आगामी दशैंको फूलपातीलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिरहेका छन् । अहिलेसम्मको अवस्था हेर्दा आठवटा फिल्म आगामी फूलपातीमा रिलिज हुने देखिएको छ ।

'दशमी', 'परालको आगो', 'माइतीघर' र 'महाराजधिराज' गरी चार फिल्मले आधिकारिक रुपमा फूलपातीलाई प्रदर्शन मिति घोषणा गरिसकेका छन् । फूलपातीमै उपेन्द्र सुब्बाको 'जारी २', विराज भट्टको '१२ गाउँ २' र अशोक शर्माको 'डबल ट्रिपल' पनि प्रदर्शनमा आउने सम्भावना रहेको व्यापक चर्चा छ । यसबीच, फूलपातीमा अर्को एउटा फिल्म थपिएको छ । त्यो हो, 'हरि बहादुरको जुत्ता' ।

आइतबार निर्देशक दीपेन्द्र के. खनालले फूलपातीबाट फिल्म प्रदर्शनमा आउने जानकारी गराएका हुन् । उनले फेसबुकमा लेखेका छन्, 'हरिबहादुर पनि जुत्ता फुकालेर यसपालिको दशैंमा (फूलपाती) टीका लगाउन आउने भो (हरिबहादुरको जुत्ता) ।' यतिबेला काभ्रेमा फिल्मको छायांकन भैरहेको छ । फूलपातीमा 'हरिबहादुरको जुत्ता' पनि आउने भएपछि अब भिडन्त रोचक हुने देखिन्छ ।

हरिवंश आचार्यको शीर्ष भूमिका र लेखन रहेको फिल्ममा प्रकाश सपूत, प्रियंका कार्की, स्वस्तिमा खड्का लगायतको पनि अभिनय छ । एसएम मोसन पिक्चर्स अन्तर्गत बनिरहेको फिल्मको निर्माता सरोज ओली र मोहितवंश आचार्य हुन् । २० वर्षअघिको चर्चित सिरियल 'मदनबहादुर-हरिबहादुर'मा हरिवंश आचार्यले निभाएको हरि बहादुरको चरित्रबाट फिल्म प्रभावित रहेको जनाइएको छ ।

# पहिलो रिलिजमा फ्लप 'सनम तेरी कसम' रि-रिलिजमा आक्रामक



काठमाडौं/सन् २०१६ मा रिलिज भएको बलिउड फिल्म थियो, 'सनम तेरी कसम' । त्यसबेला फिल्म बक्स अफिसमा सुपरफ्लप बनेको थियो । २५ करोडको लागतमा बनेको फिल्मले लगभग १ करोडको ओपनिङ गरेको थियो भने कूल व्यापार ८ करोड भएको थियो । तर, जब फिल्म टिभी र युट्युबमा रिलिज भयो तब दर्शकले निकै रुचाए । युट्युबमा मात्र फिल्मलाई १५ करोड बढीले हेरिसकेका छन् ।

यो 'क्लासिक रोमान्टिक' फिल्मलाई ९ वर्षपछि यतिबेला हलमा रि-रिलिज गरिएको छ । शुक्रबारदेखि भारतमा मात्र प्रदर्शन भएको फिल्मले ओपनिङमा रेकर्ड बनाएको छ । साढे ४ करोड कमाउँदै यो फिल्म रि-रिलिजमा ठूलो ओपनिङ गर्ने दोस्रो भारतीय फिल्म बनेको छ । रि-रिलिजमा सबैभन्दा ठूलो ओपनिङ गर्नेमा तेलुगू फिल्म 'गब्बर सिंह' छ, जसले ५ करोड ७५ लाख कमाएको थियो ।

दोस्रो दिन शनिबार पनि फिल्मले भारतीय बक्स अफिसमा सानदार कमाइ गरेको छ । पिंकभिल्लाका अनुसार फिल्मले दोस्रो दिन ५ करोड हाराहारी कमाएको छ । योसँगै फिल्मको व्यापार दुई दिनमा नै साढे ९ करोड नाघेको छ । यो पहिलो रिलिजमा भएको 'लाइफटाइम कलेक्सन'भन्दा धेरै हो । यसबाट पनि फिल्मलाई भारतीय दर्शकले कुन हदसम्म मन पराएका छन् भन्ने प्रष्ट बुझिन्छ ।

दर्शकबाट उत्कृष्ट 'वर्ड अफ माउथ' प्राप्त भएकाले फिल्मले आइतबारसम्म लगभग १५ करोड कमाउन सक्ने आँकलन गरिएको छ । राधिका राव र विनय सप्रूको संयुक्त निर्देशन रहेको 'सनम तेरी कसम'मा हर्षवर्धन राणे र पाकिस्तानी अभिनेत्री मावरा होकेनको मुख्य भूमिका छ । अलग पृष्ठभूमि का दुई पात्रको प्रेमकथामा आधारित भएर बनेको यो फिल्मको अब दोस्रो श्रृंखला निर्माण हुँदैछ ।

# अब अष्ट्रेलियामा 'एक्टर : टेक वन'




काठमाडौं/अभिनेता प्रदीप खड्का अभिनीत फिल्म 'एक्टर : टेक वन'ले घरेलु बक्स अफिसमा अपेक्षित व्यापार गर्न सकेन । निर्माताले व्यापार सार्वजनिक नगर्नुले पनि फिल्मको अवस्था दयनीय रहेको प्रष्ट बुझिन्छ । यद्यपि, दोस्रो सातामा प्रवेश गरेको यो फिल्म अब विदेशमा प्रदर्शन हुन थालेको छ । जापानबाट यसको सुरुवात भएको हो । यतिबेला जापानका विभिन्न सहरमा फिल्म प्रदर्शन भइरहेको छ ।

जापानपछि अब अष्ट्रेलियामा फिल्म प्रदर्शन हुने भएको छ । फेब्रुअरी २१ अर्थात् फागुन ८ देखि अष्ट्रेलिया प्रदर्शन सुरु हुने वितरक कम्पनी इस्सा भाइब इभेन्टका राजजङ्ग क्षेत्रीले बताए । फेब्रुअरी २१ मा पहिलो प्रदर्शन सिड्नीमा हुँदैछ भने क्यानवेरा लगायतका अन्य सहरहरूमा पनि फिल्म प्रदर्शन हुने उनले जानकारी दिए । उनका अनुसार केही शोका लागि बुकिङ खुला भइसकेको छ ।

अष्ट्रेलिया रिलिजमा इस्सा भाइब इभेन्टलाई पार्टी टाइम नेपाल इभेन्ट, सूरज बिष्ट र अजय राजवंशीले सघाएका छन् । अष्ट्रेलियापछि अमेरिका, क्यानडा, यूके, मध्यपूर्व, न्यूजिल्याण्ड, मलेसियामा पनि फिल्म प्रदर्शन हुने जनाइएको छ । अमेरिका प्रदर्शनमा प्रदीप स्वयं उपस्थित हुने तयारीमा छन् । प्राप्त जानकारी अनुसार फिल्मको अमेरिका र क्यानडाको राइट्स प्रदीप आफैंले लिएका हुन् ।

राजन भुसालको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा प्रदीपसहित आना शर्मा, दिव्या रायमाझी, राजजबल्लभ कोइराला, दिव्य देव, सृजना अधिकारी, उषा रजक, सुशील सिटौला लगायतको अभिनय छ । फिल्मको स्क्रिप्ट आकाश बराल र निर्देशक भुसालले लेखेका हुन् । फिल्ममा निर्माता थमन कुमार भण्डारी, क्रियटिभ प्रोड्युसर मोती कार्की र सह-निर्माता अनीश भुसाल रहेका छन् ।

# रोग होइन अटिजम...

सविता फिल्ड भिजिटमा सुकुम्बासी बस्ती पुग्दा एउटा बच्चाले फोहोरको डङ्गुरमा फालेको कागज निकालेर पढिरहेको देख्नुभयो । त्यो देखेपछि उहाँलाई जागिर खानुभन्दा त्यस्ता बच्चालाई पढाउने काम गर्छु भन्ने सोच आयो र जागिरबाट राजीनामा दिनुभयो । अटिजम भएका बच्चाहरूको लागि काम गर्न भारतमा गएर ६ महिनाको प्राविधिक तालिम लिनुभयो ।

'तालिम लिएर फर्किएपछि घर/परिवार र आफन्तसँग मेरो विवाह गर्दा केही दिनु पर्दैन बरु अहिले जे-जति दिन सक्नुहुन्छ दिनुस् भनें । त्यसबाट ५ लाख जम्मा भयो' सविताले सुनाउनुभयो, 'त्यसपछि २०६८ सालमा विशेष स्कूल तथा पुनर्स्थापना केन्द्र (एसएसडीआरसी) खोलेकी हुँ ।' नेपालमा अटिजमको बारेमा काम गर्न विशेष स्कूल तथा पुनर्स्थापना केन्द्रभन्दा अगाडि २०६४ सालमा अटिजम केयर नेपाल सोसाइटी नामक गैरनाफामूलक संस्था खोलिएको थियो । यो नै नेपालमा अटिजम भएका व्यक्तिहरूको बारेमा काम गर्ने पहिलो संस्था थियो ।

सुरुमा सरकारले अटिजमको पहिचान नै गरेको थिएन भन्नुहुन्छ सविता उप्रेतीह जो, सुरुको दिनबाटै सरकारसँग नीतिनिर्माण तहमा काम गरिरहनुभएको छ । उहाँका अनुसार त्यतिबेला अपाङ्गतालाई सात क्याटेगोरीमा बाँडिएको थियो । त्यसभित्र मानसिक अपाङ्गता भन्ने थियो । त्यो भित्र अटिजम भन्ने शब्द रहेछ । त्यहाँ बौद्धिक अपाङ्गता, अटिजम, मनोसामाजिक अपाङ्गता भन्ने थियो । त्यति हुँदा पनि उहाँले अटिजम शब्द राखेर स्कूल दर्ता गर्न पाउनुभएन । किनकि, सरकारले पहिचान नै गरेको थिएन । पछि डिसेबल भन्ने शब्द राखेर दर्ता गर्नुपरेको र त्यसमा पनि दर्ता गर्न एक वर्ष लागेको उहाँले बताउनुभयो ।

सविताका अनुसार, उहाँ सहित अटिजम केयरको क्षेत्रमा काम गर्नेहरूको प्रयासमा २०६७देखि सरकारलाई घचघच्याउँदै जाँदा २०७४ सालमा बल्ल सरकारले अटिजम पहिचान गर्‍यो । 'हाल अटिजम सम्बन्धी पोलिसीहरू राम्रो छ । २०७४ मा अपाङ्गता अधिकार ऐन नेपाल सरकारले क्याबिनेटबाट पारित गर्‍यो । त्यो ऐन अपाङ्गतामा एशियाकै पहिलो हो । पोलिसी, ऐन, कानुनहरू हेर्ने हो भने विश्वकै सबैभन्दा राम्रो नेपालमै होला । तर कार्यान्वयन पक्ष चाहिं फितलो छ', सविता भन्नुहुन्छ ।

उसो त, नेपालको संविधान २०७२ को बालबालिकाको हक अन्तर्गत धारा ३९ को उपधारा २ मा भनिएको छ, 'प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।' त्यसैगरी, उपधारा ९ मा 'असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ' भन्ने उल्लेख छ ।

यतिले नै विशेष अवस्थाका बालबालिकाको बारेमा राज्यले जिम्मेवारी निर्वाह गर्नुपर्ने हो । तर यस्ता कुराहरू त अन्तर्राष्ट्रियस्तरमा ख्याति जमाउन वा वाहवाही बटुल्नको लागि मात्रै प्रयोग हुने साधन न हुन् ! त्यतिले नपुगेर नेपाल सरकारले 'कन्भेन्सन अन द राइट्स अफ पर्सन्स विथ डिसेबिलिटिज' पनि अनुमोदन गरेको छ । त्यो भनेको उक्त कन्भेन्सनमा लेखिएका कुराहरूलाई देशको कानुन सरह मान्नु हो ।

सरकारले अटिजम भएका बालबालिकालाई अपाङ्ग भत्ता दिएको छ । तर कोही-कोही शारीरिक रूपमा स्वस्थ देखिने हुँदा त्यो कार्ड लिन पनि समस्या छ । रातो कार्ड पायो भने ४ हजार भत्ता र नीलो कार्ड पायो भने २१ सय २८ रुपैयाँ भत्ता पाइन्छ । त्यसमा पनि रातो कार्ड पाउनुपर्नेले नीलो र नीलो पाए हुनेले रातो कार्ड पाएका केसहरू पनि छन् । यसरी अटिजम भएका व्यक्तिहरूलाई एउटै बास्केटमा राखेर हेरिनु नहुने सविता बताउनुहुन्छ । अटिजम भएका बालबालिकासँग काम गर्दा उनीहरू एग्रेसिभ भएको बेलामा गालामा टोकेर टाँका लगाउनु परेको र कानको लोती तानेर छिनालिदिएपछि सिउनुपरेको घटनालाई पनि सामान्य नै ठानेर अटिजम भएका बालबालिकाको पुनर्स्थापनामा लागिपर्नुभएका सविता जस्ता धेरैको यो क्षेत्रमा खाँचो देखिन्छ । त्यसमा पनि पुनर्स्थापनामा सरकारको सक्रियता त अझै बढी चाहिन्छ । २३ डिसेम्बर २०२४ को दिन न्युयोर्क टाइम्समा एमिली बाउमगार्टनरले लेखेको 'रिसर्च फाइन्ड्स भ्याक्सिन्स आर नट बिहाइन्ड द राइज इन अटिजम, सो ह्वाट इज ?' शीर्षकको लेख छापिएको छ ।

*(साभार: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# संस्कार बिनाको शिक्षा बिंड बिनाको खुर्पा जस्तैः प्रदेश प्रमुख



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ बागमती प्रदेश सरकारका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले संस्कार बिनाको शिक्षा बिंड बिनाको खुर्पा जस्तै हुने बताएका छन् ।

शनिबार चितवनको भरतपुरमा रहेको नयाँ किरण कमलकुसुम माध्यमिक विद्यालयको ५८औं वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख देवकोटाले यस्तो बताएका हुन् । विद्यार्थी लक्षित सम्बोधन गर्दै प्रदेश प्रमुख देवकोटाले भने, 'तपाईहरु जिवनको उर्जाशील उमेरमा हुनुहुन्छ । मेहनतभन्दा अर्को बिकल्प छैन । संसार मेहनतीहरुको हो । तपाईहरुसँग सपना हुनुपर्छ अनि, त्यो सपनाले विपनामा मेहनतको मार्गमा डोऱ्याउनुपर्छ । यति पढ्नुस् कि अभिभावकले अब त सुत भो नानीबाबू भन्नुपरोस् । तपाई जहाँ भएपनि सँस्कारी बन्नुस ।'

'हरेक आमाबाबुले आफ्नो भन्दा सुखद जीवन छोरा छोरीको होस् भन्ने चाहन्छन् र त्यसका लागि आफ्ना रहरहरुको तिलाञ्जली दिएर आफना सन्तानको लागि दिनरात नभनी मेहनत गर्छन्' उनले भने । घर बालबालिकाको पहिलो पाठशाला भएको बताउँदै प्रदेश प्रमुख देवकोटाले अहिलेका बालबलिका भिन्न समयमा जन्मेकाले थुप्रै अनुभवहरु उनीहरुलाई अर्थ नलाग्ने बताए ।

# जनयुद्ध दिवसमा खुला म्याराथुन हुने

साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ हेटौंडामा जनयुद्ध दिवसको अवसरमा खुला दौड (म्याराथुन) प्रतियोगिता हुने भएको छ । पूर्वजनमुक्ति सेना नेपाल मकवानपुरका अध्यक्ष सुमन पाखिनले ३० औं जनयुद्ध दिवसको अवसरमा पाँच किलोमिटर खुला दौड प्रतियोगिता गरिन लागेको बताए ।

१ गते विहान ७ बजे हेटौंडा बुद्धचोकदेखी भैरवरोड, चिसापानी लक्ष्मी विद्यालय, सर्यचोक, ब्रम्हदिक विद्यालय, नवोदय विद्यालय, थाहा चोक, शितलमहल चोक, ओम भवन हुँदै बुद्धचोक पुगेर दौड सकिने पाखिनले बताए । प्रतियोगितामा सहभागीले माघ ३० गते सम्ममा नि:शुल्क नाम दर्ता गराउनुपर्ने बताउँदै सहभागीलाई एकथान टिसर्ट उपलब्ध गराउने बताए । प्रतियोगितामा प्रथम हुनेलाई १५ हजार, मेडल र प्रमाणपत्र, द्वितियलाई १० हजार, मेडल र प्रमाणपत्र, तृतीयलाई ५ हजार, मेडल र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । सात जनालाई सान्त्वना पुरस्कार दिइनेछ ।

प्रतियोगितामा एक लाख खर्च हुने अनुमान आयोजकको छ । पत्रकार सम्मेलनमा नेकपा माओवादी केन्द्र प्रदेश सचिवालय सदस्य जीवन गोले, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालालगायतको उपस्थिति रहेको थियो । दौड प्रतियोगिता पूर्वजनमुक्ति सेना नेपाल मकवानपुर, वाईसियल नेपाल मकवानपुर, अखिल क्रान्तिकारी मकवानपुर र अखिल नेपाल खेलकुद महासंघ मकवानपुरले संयुक्त रुपमा आयोजना गर्न लागेको हो ।

# कुलेखानीको तल्लो तटीय क्षेत्रका स्थानीयलाई मुआब्जा दिन माग



साझाकुरा संवाददाता

हेटौंडा, २७ माघ/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का सांसद तथा नेकपा एमालेका प्रमुख सचेत महेश बर्तौलाले कुलेखानी जलविद्युत आयोजनाको तल्लो तटीय क्षेत्रका बासिन्दालाई मुआब्जा दिएर स्थानान्तरण गर्नुपर्ने माग राखेका छन् ।

प्रतिनिधि सभाको आइतबारको शून्य समयमा बोल्दै उनले लापरबाही तरिकाले एकै पटक बाधको सबै ढोका खोल्ने कर्मचारीलाई पनि कारबाही गर्नुपर्ने बताए । 'गएको असौज ११ र १२ गत परेको अबिर वर्षका कारण मक्वानपुरको इन्द्रसरोबर गाउँपालिकामा ठूलो क्षति भयो । कुलेखानी जलविद्युत आयोजने बाध भरिन लागेपछि तल्लो तटीय क्षेत्रलाई थोरै पनि ख्याल नगरी लपरवाही तरीकाले एकै पटक बाधका ढोकाहरु खोल्यो ।' बर्तौलाले भने ।

'एकै पटक ढोका खोल्दा इन्द्रसरोबर गाउँपालिकाको हेवी, ठूला चौर, ज्यामिरे, सिम्ले फाट र सिस्नेरीको सडक, बस्ती, प्रहरी चौकी, सिँचाइ, खानेपानी लगायत विभिन्न संरचनामा ठूलो क्षेत्री भएको छ । ६ जना बाल खेलाडीको मृत्यु समेत भएको थियो ।' उनले थपे ।

क्षतिग्रस्त संरचनाको निर्माण गर्नुपर्नेमा उनले जोड दिए । जोखिमको दिर्घकालीन समाधान गर्न तल्लो तटीय क्षेत्रमा आवश्यक मुआब्जा उपलब्ध गराइ खेत, बारी र बस्तीलाई स्थानान्तरण गर्न सरकारसँग बर्तौलाले माग गरे ।

# मुद्दती निक्षेपमा २ अर्ब १९ करोड लगानी गर्दै राष्ट्र बैंक




काठमाडौं, २७ माघ/ नेपाल राष्ट्र बैंकले करिब सवा २ अर्ब रुपैयाँ बराबर रकम विभिन्न बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी गर्ने भएको छ । राष्ट्र बैंकले आइतबार सूचना जारी गरी आफ्नो उपदान तथा पेन्सन कोषमा रहेको २ अर्ब १९ करोड बराबर रकम वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीमा लगानी गर्ने जनाएको हो ।

केन्द्रीय बैंकका अनुसार 'क' वर्गका वाणिज्य बैंक, 'ख' वर्गका राष्ट्रिय स्तरका विकास बैंक र 'ग' वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीमा उक्त परिमाण बराबर र कम मुद्दती निक्षेपमा लगानी गरिने छ । वाणिज्य बैंकमा १ अर्ब ७५ करोड २० लाख, विकास बैंकमा ३२ करोड ८५ लाख र वित्त कम्पनीमा १० करोड ९५ लाख मुद्दती निक्षेपमा लगानी गरिने छ ।

६ फागुन २०८१ देखि ६ फागुन २०८२ सम्म ३ सय ६६ दिनको मुद्दती निक्षेपमा उक्त रकम लगानी गर्न लागिएको केन्द्रीय बैंकले जनाएको छ । निक्षेपमा रकम लिन चाहने बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा भएको हुनुपर्ने, राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम गरेको हुनुपर्ने, निष्क्रिय कर्जा कुल कर्जा सापटीको ५ प्रतिशतभन्दा कम हुनुपर्ने, खुद तरल सम्पत्ति केन्द्रीय बैंकले तोकेको न्यूनतम सीमा कायम गरेको हुनुपर्ने, कर्जा/निक्षेप अनुपात समय-सयममा निर्धारण गरिएको सीमाभित्र रहेको हुनुपर्ने र निकटतम अघिल्लो आर्थिक वर्षमा खुद मुनाफामा रहेको हुनुपने सर्त राष्ट्र बैंकको छ ।

त्यसैगरी निक्षेप लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत (सीईओ) लाई राष्ट्र बैंकले जरिबाना गरेको अवस्थामा त्यस्तो जरिबाना गरिएका सञ्चालक वा सीईओ उक्त संस्थामा कायम नरहेको हुनुपर्ने र यदि कायम रहेको भए जरिबाना भुक्तान गरेको मितिले ६ महिना अवधि पूरा भएको हुनुपर्ने, शीघ्र सुधारात्मक कारबाहीमा परेको भए फुकुवा भएको कम्तीमा ६ महिना पूरा भएको हुनुपर्ने पनि सर्त छ ।

त्यस्तै राष्ट्र बैंकको कारबाहीमा परी समस्याग्रस्त घोषणा नभएको हुनुपर्ने भएको भए फुकेवा भएको ६ महिना अवधि पूरा भएको हुनुपर्ने तथा सर्वसाधारणका लागि छुट्याइएको सेयर जारी गरिसकेको हुनुपर्ने सर्त केन्द्रीय बैंकको छ ।

(स्रोत: अनलाइनखबर)

# अघि बढ्यो नयाँ स्टक एक्स्चेन्ज प्रक्रिया, सेबोनले बनायो कार्ययोजना समिति

काठमाडौं, २७ माघ/ नेपाल धितोपत्र बोर्ड (सेबोन) ले निजी क्षेत्रको नयाँ स्टक एक्स्चेन्जलाई लाइसेन्स दिन र नेपाल स्टक एक्स्चेन्ज (नेप्से) पुनर्संरचना प्रक्रिया अघि बढाएको छ । यी दुई कामको कार्ययोजना बनाउन बोर्ड सञ्चालक समितिले कार्ययोजना समिति गठन गरेको हो । 'धितोपत्र बोर्ड बैठकले कार्ययोजना समितिलाई नयाँ स्टक एक्स्चेन्जका लागि कार्ययोजना बनाउन अख्तियारी दिएको छ, सोहीअनुसार समिति सक्रिय भएको छ,' बोर्ड स्रोतले भन्यो ।

यो समितिमा अर्थ मन्त्रालयबाट बोर्डमा प्रतिनिधित्व गर्ने सञ्चालक महेश बराल, कानुनका प्रतिनिधि सञ्चालक विनोदकुमार भट्टराई, राष्ट्र बैंक प्रतिनिधि सञ्चालक तुलसीप्रसाद घिमिरे छन् । साथै, धितोपत्र बोर्ड नियमन विभाग प्रमुख मुक्ति श्रेष्ठ र नियमन महाशाखा प्रमुख अम्बिकाप्रसाद गिरी पनि कार्ययोजना समितिमा रहेको बोर्ड स्रोतले जनाएको छ ।

यो समितिले नयाँ स्टक एक्स्चेन्ज सञ्चालनका लागि आवश्यक कार्ययोजना तयार गर्नुका साथै हालको नेप्सेको पुनर्संरचनाबारे पनि प्रतिवेदनमा समेट्ने छ । 'नयाँ स्टक एक्स्चेन्ज मात्रै होइन कि नेप्से पुनर्संरचना कार्ययोजनाबारे पनि यो समितिले अध्ययन गरेर प्रतिवेदन बुझाउने छ,' स्रोतले भन्यो ।

यसअघि नेपाल राष्ट्र बैंक सञ्चालक समिति सदस्य चिन्तामणि सिवाकोटीको नेतृत्वमा गठित पूँजीबजार सुधार सुझाव समितिले तयार पारेको प्रतिवेदन यो समितिले अध्ययन गरी त्यसकै आधारमा कार्ययोजना तयार गर्ने छ । सिवाकोटी नेतृत्व समितिले एउटा नयाँ स्टक एक्स्चेन्ज निजी क्षेत्रबाट सञ्चालन गर्न सकिने र नेप्से पुनर्संरचना सँगसँगै अघि बढाउन सकिने गरी सुझाव दिएको थियो । सिवाकोटीको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्दै मन्त्रिपरिषद्ले अर्थ मन्त्रालय हुँदै यी दुवै काम अघि बढाउन पत्राचार गरेको थियो ।

**कार्ययोजनापछि मूल्यांकन**

यो समितिले कार्ययोजना तयार गरेपछि दोस्रो चरणमा यसअघि आवेदन दिएका तीन वटा स्टक एक्स्चेन्जको कार्ययोजना मूल्यांकन र नम्बरिङको कार्य गर्ने छ ।

निजी क्षेत्रबाट हिमालयन स्टक एक्स्चेन्ज, अन्नपूर्ण स्टक एक्स्चेन्ज र नेसनल स्टक एक्सचेन्जले आवेदन दिएका छन् । यी तीन कम्पनीले आवेदन साथै विस्तृत कार्ययोजना बुझाएका छन् । ती कार्ययोजना मूल्यांकन गरी उत्कृष्ट नम्बर ल्याउनेलाई लाइसेन्सको सिफारिस गरिने छ । दोस्रो चरणमा पनि यही समितिले नै ती कार्यायोजना पनि मूल्यांकन गर्ने छ । कार्यायोजना र क्षमता मूल्यांकनका आधारमा उत्कृष्ट नम्बर ल्याउनेलाई नयाँ स्टक एक्स्चेन्जको लाइसेन्सका लागि सिफारिस गरिने छ ।

**के आधारमा गरिन्छ स्टक एक्स्चेन्ज मूल्यांकन ?**

मूल्यांकन समितिले निर्देशिकामा उल्लेख गरिएका विषयलाई आधार बनाउँदै स्टक एक्स्चेन्जका आवेदनलाई अंक प्रदान गर्नेछ । स्टक एक्स्चेन्जको व्यावसायिक कार्ययोजना मूल्यांकनका आधार 'धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डबाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका २०७९' मै उल्लेख गरिएका छन् । नयाँ स्टक एक्स्चेन्जले प्रदान गर्न सक्ने सेवा, कारोबार क्षेत्र, शाखा विस्तार नीति, प्रविधि, प्रविधि हस्तान्तरण सम्बन्धी योजना, कारोबार राफसाफ तथा फर्स्योट प्रणालीजस्ता विषयका आधारमा अंक प्रदान गरिने छ ।

त्यस्तै प्रयोग हुने सफ्टवेयर सम्बन्धी विवरण तथा विशेषता, तथ्यांक व्यवस्थापन तथा सुरक्षा रणनीति, प्रयोगमा ल्याउने प्रणालीमा वास्तविक समय तथा दैनिक राफसाफ पद्धति, प्रणाली संपरीक्षण सम्बन्धी कार्यायोजना पनि मूल्यांकनका आधार हुने निर्देशिकामा उल्लेख छ । कारोबार हुने उपकरण तथा मूल्यसम्बन्धी सूचना संकलन तथा प्रशोधन सम्बन्धी सूचकांक प्रकाशन कार्यायोजना, कारोबारमा अनियमितता हुन नदिने व्यवस्था मूल्यांकनका लागि महत्त्वपूर्ण हुनेछन् ।

यीबाहेक पूँजी लागत, अन्य मुलुकका प्राविधिक साझेदारसँगका सम्झौता सम्बन्धी विवरण, लगानीकर्ताका हित संरक्षण सम्बन्धी विषय पनि स्टक एक्स्चेन्जको लाइसेन्सका लागि मूल्यांकनका आधार हुनेछन् । नयाँ स्टक एक्स्चेन्जको चुक्ता पूँजी कम्तीमा ३ अर्ब रुपैयाँ बराबर हुनेछ । धितोपत्र बजार सञ्चालन नियमावलीमै स्टक एक्स्चेन्ज सञ्चालनका व्यवस्था समेटिएका छन् ।

**कस्तो हुन्छ नयाँ स्टक एक्स्चेन्ज ?**

'अहिलेको स्टक एक्स्चेन्ज सरकारी भएकै कारण त्यहाँका व्यवस्थापक वा सञ्चालकले नयाँ प्रविधि ल्याउने विषय, नयाँ प्रडक्ट थप्ने, सिस्टम अपग्रेड गर्ने वा अरू कामका लागि कुनै निर्णय गर्न सकेनन्,' स्टक ब्रोकर एसोसिएसन अफ नेपालका अध्यक्ष सागर ढकालले भने, 'तर, नयाँ आउने निजी क्षेत्रको स्टक एक्स्चेन्जले यस्ता विषयमा सजिलै निर्णय गर्न सक्छ, तुरुन्तै कार्यान्वयन गर्न सक्छ ।' नयाँ स्टक एक्स्चेन्जले भित्र्याउनुपर्ने कारोबार प्रणाली, सम्बन्धित प्रविधि खरिद वा जडान गर्दा अवलम्बन गर्नुपर्ने केही सर्त धितोपत्र बजार सञ्चालन नियमावली २०७९ मै उल्लेख छ ।

नयाँ स्टक एक्स्चेन्जले ल्याउने कारोबार प्रणाली र सम्बन्धित प्रविधि खरिद वा जडान गर्दा नेपाल बाहेक अन्य देशमा न्यूनतम १० वर्षदेखि सञ्चालनमा रहेको, कम्तीमा तीन स्टक मार्केटले प्रयोग गरेको प्रणाली र प्रविधि हुनुपर्ने व्यवस्था छ ।

(स्रोत: अनलाइनखबर)

# कोहलपुरको अतिक्रमित जग्गा फिर्ता ल्याउँछु : प्रधानमन्त्री



काठमाडौं, २७ माघ/ प्रधानमन्त्री केपी शर्मा ओलीले बाँकेको कोहलपुर नगरपालिका-११ को अतिक्रमित जग्गा फिर्ता ल्याउने प्रतिबद्धता जनाएका छन् । बाँकेको कोहलपुर नगरपालिका वडा नं. ११ स्थित कोहलपुर नगर विकास समितिको क्रिकेट मैदान आसपासको करिब २८ विगाह क्षेत्र लामो समयदेखि अतिक्रमित छ ।

संघीय सांसद् सूर्यप्रसाद ढकाल, कोहलपुर नगरप्रमुख पूर्णप्रसाद आचार्यसहित बाँकेका जनप्रतिनिधि र राजनीतिक दलका प्रतिनिधिले आइतबार प्रधानमन्त्री ओलीलाई प्रधानमन्त्रीनिवास बालुवाटारमा भेटेर जग्गा फिर्ता गराइदिन आग्रह गरेका थिए । सोही क्रममा प्रधानमन्त्रीले अतिक्रमित जग्गा फिर्ता ल्याउने प्रतिबद्धता जनाएका हुन् ।

जिल्लास्थित सर्वदलीय बैठक बसी अतिक्रमित जग्गामा बनेका घर टहरा हटाउन गरिएको आग्रहका आधारमा गृह मन्त्रालयबाट सूचना प्रकाशन भइसक्दा पनि अतिक्रमण गर्ने पक्षले घर टहरा नहटाएकाले उच्चस्तरीय पहल लिइदिन प्रधानमन्त्री ओलीलाई प्रतिनिधिमण्डलले माग गरेको छ । सो अवसरमा प्रधानमन्त्री ओलीले कसैले पनि अवैध रूपमा राज्यको सम्पति अतिक्रमण र कुनै पनि अनियमतता गर्न नपाउने स्पष्ट गर्दै सरकारले अतिक्रमित जग्गा फिर्ता ल्याएरै छाड्ने दृढता व्यक्त गरे ।


## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ,
- अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासवर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नदिऔं,
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
| --- | --- | --- |
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२



|| बिशेष आकर्षण ||



हेटौंडा आईडल

हेटौंडा आईडल
Construction Expo-2

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना